# श्री ५ पृथ्वीनारायण शाहको नुवाकोट-माडी दरबार

धनवज्र वज्राचार्य
टेकबहादुर श्रेष्ठ

राजदरबार प्रशासन तथा सांस्कृतिक गतिविधिको केन्द्र हुने हुनाले[१] इतिहासमा चाख राख्नेहरूले राजदरबारबारे खोजीनीति गर्नु आवश्यक हुन आउंछ । राजपरिवर्तनका साथसाथै प्राय: राजदरबारको पनि परिवर्तन हुने गर्दछ । यसो हुंदा कति पुराना दरबारको संझना-सम्म पनि बांकी नरहेको पनि पाइन्छ ।

लिच्छविकालका अभिलेखहरू केलाई हे-यौं भने त्यसवेला मानगृह, कैलासकूट भवन, भद्राधिवासभवन आदि राजदरबारहरू प्रशासनका केन्द्ररूपमा रहेका थिए भन्ने थाहा पाइन्छ । त्यसवेलाका सनद शिलापत्रहरू उक्त राजदरबारहरूबाट जारी गरिएका पाइन्छन्[२] । आफ्नो भव्यता र कलात्मकताले गर्दा कैलासकूट भवन ता विदेशमा समेत प्रसिद्ध भएथ्यो[३] । तर ती दरबारका भग्नावशेष फेला पार्न सकिएको छैन ।

मध्यकालका शुरूका सनद शिलापत्रहरू नभेट्टिएका हुनाले त्यसताका मूल राजदरबार कुन थियो भन्ने थाहा पाउन सकिएको छैन । तर केही पछि भक्तपुरको "त्रिपुर" राजदरबार प्रशासनको केन्द्र बनेथ्यो[४] । साथै त्यसैताका भक्तपुरमा अर्को राजदरबार 'युथुनिमम्' पनि प्रसिद्धिमा आएथ्यो[५] ।

मध्यकालमा अनेक राज्य खडा भएपछि ती राज्यमा अनेक राजदरबार अस्तित्वमा आए तथा ती राज्य बिलाउनाको साथसाथै ती दरबारहरूको महत्त्व पनि घट्न थाल्यो र क्रमश: ती लुप्त पनि हुंदै गए । यद्यपि मध्यकालका केही राजदरबारका अवशेष अहिलेसम्म पाइन्छन् तापनि कतिको अस्तित्व कहां रहेको थियो भन्नेसम्म पनि थाहा नपाइने अवस्था-मा पुगेको पाइन्छ ।

यसै गरी भग्नावशेष अवस्थामा पुगेको एक राजदरबार-बारेको कुरा हालै पत्ता लागेको छ । त्यो हो नुवाकोट तादीको किनारमा सेरा बगैंचामा रहेको दरबार । सो दरबार बडामहाराज श्री ५ पृथ्वीनारायण शाहको शीतकालिक दरबारको रूपमा रहेथ्यो: जहां बडामहाराजाले आफ्नो महत्त्वपूर्ण उपदेश दिएथे । तर यस ऐतिहासिक दरबारबारे विशेष ज्ञान इतिहासकारहरूलाई समेत थिएन । हालै त्रि. वि. नेपाल र एशियाली अध्ययन संस्थानतर्फबाट हामीहरू नुवाकोटमा ऐतिहासिक सर्वेक्षण गर्न गएथ्यौं; त्यसै प्रसङ्गमा उक्त दरबारबारे निश्चित रूपमा पत्ता लाग्यो । यसबारे अरू प्रकाश पार्नुभन्दा पहिले एक दुइ अरू कुरामाथि प्रकाश पार्नु आवश्यक देखिन्छ ।

मध्यकालमा नेपालभित्रै अनेक राज्य खडा भएपछि प्रत्येक राज्यले आफ्नो सुरक्षातिर विशेष ध्यान दिनु आवश्यक भएथ्यो । यसो हुंदा प्रत्येक राज्यका राजदरबार सुरक्षित प्रदेशमा, सुरक्षित रूपमा (दुर्ग किल्ला रूपमां) रहन लागे[६] । उपत्यकालाई छोडी अन्त प्राय: गरी डांडोको टुप्पोमा दरबार बन्न लागे । सुरक्षाबाहेक स्वास्थ्यको दृष्टिले पनि लेक उत्तमै हुन्छ । तर जाडोको मौसममा भने लेकमा बढी जाडो हुने हुनाले लेकमा भन्दा बेंसीमा बस्नु आरामदायक हुन्छ । यसो हुनाले प्राय: पहाडी राज्यहरूमा मूल दरबार लेकमा रहे तापनि शीतकालमा बस्न बेंसीमा पनि एक राजदरबार बनाउन लाउने प्रथा चलेको थियो । यस कुराका अनेक उदाहरण पाइन्छन् । पश्चिम कर्णाली प्रदेशको खसराज्यकै

कुरा लिन सकिन्छ । खसराज्यका संस्थापक नागराजले सिंजामा आफ्नो राजधानी कायम गरेथे । सो राज्य पूर्व पश्चिम उत्तर दक्षिण चारैतिर फैलिई विस्तृत भएपछि पनि त्यस राज्यको मूल राजधानी सिंजामा नै रह्यो । तर यस राज्यको अर्को प्रमुख केन्द्र दुल्लुमा पनि रह्यो । दुल्लुमा चाहिं खस राजाहरूको शीतकालिक दरबार रहेको थियो । यो कुरा पृथ्वीमल्ल आदिका सनद अभिलेखहरूबाट थाहा पाइन्छ । प्राय: हिउंदमा जारी गरिएका सनदपत्रहरूमा दुल्लुको उल्लेख पाइन्छ । अरू वेला जारी गरिएका सनदपत्रहरूमा सिंजा राजधानीको उल्लेख परेको पाइन्छ । यसो हुंदा सिंजा र दुल्लु दुवै स्थानमा राजदरबार बनेथे । क्राचल्लकै पालामा सिंजाको साथै दुल्लुको पनि विकास भइसकेको देखिएको छ[७] ।

यसै गरी गोरखा राज्यको कुरा लिन सकिन्छ । द्रव्यशाहद्वारा गोरखाराज्य स्थापना गरिएपछि प्रसिद्ध धार्मिक स्थल गोरखनाथ गुफा भएको डांडोमा यस नयां राज्यको राजधानी कायम भयो । त्यहीं राजदरबार बन्यो । साथै तल दरौंदीको किनारमा पनि एक राजदरबार बन्यो; जहां प्राय: हिंउदमा गोरखाली राजाहरू आई रहन्थे[८] । साथै गोरखा पोखरी थोकको दरबार पनि यही उद्देश्यले बनेको बुझिन्छ । रामशाह पृथ्वीपति शाहहरूले पोखरी थोकमा अनेक मन्दिर आदि बनाएको देखिएको हुनाले[९] पोखरी थोकमा पनि मुकाम त्यसै ताकादेखि रहन्थ्यो भन्ने संकेत पाइन्छ ।

यही कुरा नुवाकोटमा पनि घटेको थियो । यहां पनि ग्रीष्मकालिक र शीतकालिक दरबार भिन्नाभिन्नै रहेको देखापरेको छ । मध्यकालको शुरूतिर नुवाकोट प्रदेश "भुक्ति "को रूपमा रहेको थियो[१०] । यहां पुस्तैनी अधिकार पाएका सामन्त शासकहरूको प्रशासन चल्दथ्यो । भोटसंगको व्यापारमा पनि ती शासकहरूको सोझै सम्बन्ध रहेको हुंदा ती सामन्त शासकहरू धनी थिए । केन्द्रका नेपाल उपत्यकाका शासकहरू कमजोर भएको मौका छोपी नुवाकोटका शासक ती "वैश्य ठकुरी "हरू शक्तिशाली बनेथे[११]। नुवाकोट इलाका सांग्रामिक दृष्टिले महत्त्वपूर्ण हुंदा वेलकोट, भैरवकोट आदि अनेक कोटहरूको अस्तित्व यस प्रदेशमा रह्यो तापनि ती कोटहरूमध्ये "मूलकोट"रूपमा वर्तमान नुवाकोटडांडो रह्यो । यस हुंदा नुवाकोट भुक्तिको प्रशासन केन्द्र यही "मूलकोट"रह्यो[१२]। यही डांडोमा दरबार बन्यो ।

उपत्यकाका मल्लराजाहरूले नुवाकोटलाई सोझै कान्तिपुर राज्यमा मिलाएपछि यहांको प्रशासनको लागि "प्रमान"(बडाहाकिम) नियुक्त गरिए[१३]। तर मल्लराजाहरू र राजपरिवारका व्यक्तिहरू विशेष उपलक्ष्यमा बराबर नुवाकोट गई रहन्थे[१४]। यसो हुनाले मल्लकालमा पनि नुवाकोटमा दरबारको अस्तित्व रहिरह्यो । नुवाकोट डांडोमा रहेको मल्लकालिक दरबारलाई "रङगमहल"भन्ने संज्ञा दिइएको छ । आकार प्रकार केही बदलिए पनि जुन दरबारको अस्तित्व अहिलेसम्म छंदैछ ।

नुवाकोट-विजय श्री ५ पृथ्वीनारायण शाहको एकीकरण अभियानको सफलताको पहिलो खुड्किलो थियो। यस प्रदेशमा आफ्नो विजय दीगो भएपछि त्यसभन्दा अघि बढ्न श्री ५ पृथ्वीनारायण शाहले गोरखाभन्दा नुवाकोटलाई बढी उपयुक्त देखे । यसो हुनाले उनले नुवाकोटलाई आफ्नो "राजधानी"घोषित गरे[१५] । यसरी नुवाकोटको भाग्य फेरि एक चोटि चम्क्यो । यसवेला नुवाकोट राजनैतिक महत्त्वको साथसाथै सांस्कृतिक महत्त्वको क्षेत्र पनि केही अंशमा बन्न थाल्यो । राजधानी घोषित गरिएको हुनाले श्री ५ पृथ्वीनारायण शाहको मुकाम नुवाकोटमा बढी हुनु स्वाभाविक थियो । यद्यपि एकीकरण अभियानको संचालन गर्न स्वयं पृथ्वीनारायण शाहनै अगुवा भई जाने गरेकाले उनको मुकाम नुवाकोटमा मात्र सीमित हुंदैनथ्यो; अवस्था हेरी उनको मुकाम बदलिरहन्थ्यो; तैपनि राजधानी बनाइएको हुंदा उनको मुकाम नुवाकोटमा बढी रहेको कुरा तात्कालिक पत्रहरूबाट थाहा पाइन्छ ।

"मुकाम नुवाकोट" लेखी श्री ५ पृथ्वीनारायण शाहले पठाएका पत्रहरू अनेक पाइएका
छन् । ती पत्रहरूका मुकामसम्बन्धी उल्लेख राम्ररी नियालेर हे-याँ भने हामी तिनमा एक
अन्तर देख्छौं । एक थरी पत्रमा मुकाम "नुवाकोट" "वा "नुवाकोट राजधानी" भनी
लेखिएको पाइन्छ[१६] । अर्को थरी पत्रमा मुकाम "नुवाकोट माडी" वा "नुवाकोट माडी
राजधानी" लेखिएको पाइन्छ[१७] । ती पत्रहरूका तिथिमितितिर दृष्टि दियौं भने हिउंदमा
लेखिएका पत्रहरूमा मुकाम नुवाकोट माडी लेखिएको र अरू वेला लेखिएका पत्रमा चाहिं
नुवाकोट मात्र लेखिएको पाउंछौं । यसबाट श्री ५ पृथ्वीनारायण शाहको समयमा पनि
नुवाकोटमा ग्रीष्मकालिक र शीतकालिक दरबार भिन्नाभिन्नै रहेको संकेत पाइन्छ । साथै
दुवै दरबारले राजधानीको संज्ञा पनि समान रूपले पाएको चाल पाइन्छ ।

नुवाकोट प्रदेशको भौगोलिक अवस्थाले गर्दा पनि दुइ दरबारको आवश्यकता परेको
थियो । नुवाकोट बेंसीमा ग्रीष्ममा मधेसमा जस्तै गर्मी हुन्छ । यसकारण ग्रीष्मकालमा बेंसीमा
बस्नु केही कष्टकर छ । माथि डांडोमा भने त्यति गर्मी हुंदैन; हावा राम्ररी लागिरहने
हुंदा केही शीतल नै हुन्छ । जाडोको समयमा भने डांडोमा भन्दा तल बेंसीमा बस्नु
आरामदायक हुन्छ । साथै तादीको किनाराको नुवाकोटमाडी"(सेरा बगैंचा भएको इलाका)
पहिले देखि व्यापारको केन्द्र रहेको थियो । भोटनाट बिक्रीका लागि आएका मालताल
बस्तुभाउ आदिको जमघट हिउंदमा यहीं हुन्थ्यो; मधेसका व्यापारीहरू पनि हिउंदमा यहां
आइपुग्थे[१८] । यसो हुनाले यहां माडीमा विशेष भन्सार अड्डा पहिलेदेखि रहेको थियो[१९] ।
यस कारण पनि नुवाकोटमाडी हिउंदका लागि विशेष आकर्षक बनेको थियो ।

नुवाकोटलाई राजधानी घोषित गरेपनि शुरूका वर्षमा श्री ५ पृथ्वीनारायण शाहले
नुवाकोटमा विशेष दरबार आदि बनाए तिर दृष्टि दिन सकेका थिएनन् । किनभने शुरूका
वर्षमा नेपालको एकीकरण अभियानमा सफलता हासिल गर्न उनले अनेक कष्ट उठाउनुपरेको
थियो । तर वि.सं. १८१६ तिर पुगेपछि उनको मनमा ठूलो आत्मविश्वास जागेको देखिन्छ ।
यसै साल मकवानपुरविजय, मीरकासिमपराजय जस्ता उल्लेखनीय सफलता उनले पाएथे । यसो
हुनाले यस सालको शुरूमा उनले नुवाकोट डांडोमा एक भव्य साततले दरबार बनाउन लाए ।
वास्तुकलाप्रति पृथ्वीनारायण शाहको जुन धारणा रहेको थियो; सोही बमोजिम उक्त
साततले दरबार बनेको थियो । किल्लाको रूपसमेत दिई बनाइएको हुंदा सो दरबारको
अभिलेखमा "दुर्गरत्न" बनाएको चर्चा परेको छ[२०] । जुन दरबार केही रूप बदलिए पनि साबुत
रूपमा अहिलेसम्म कायम छ । सो दरबार बन्नुभन्दा पहिले पृथ्वीनारायण शाहको मुकाम
मल्लकालिक रङ्गमहलमा हुन्थ्यो भन्ने बुझिन्छ ।

यो त भयो नुवाकोट डांडोमा रहेको ग्रीष्मका[illegible] दरबारको कुरा । जसबारे
इतिहासप्रेमी धेरैलाई थाहा छ । तर तल नुवाकोटमाडी अर्थात् तादीको किनारामा
सेराबगैंचा भेकमा रहेको शीतकालिक दरबारबारे प्रामाणिक रूपमा थोरैलाई मात्र थाहा छ ।
हुनत नुवाकोटका बासिन्दा बूढापाकाहरू श्री ५ पृथ्वीनारायण शाह हिउंदमा सेराबेंसी
दरबारमा बस्तथे भन्ने कुराको वर्णन अहिलेसम्म पनि गर्दछन् । यस्तै कुराको आधारमा
योगी नरहरिनाथले नुवाकोटमाडी दरबारको उल्लेखसम्म एक दुइ ठाउंमा गर्नुभएको छ[२१] ।
तर यस नुवाकोट माडी दरबारबारेका प्रमाणाहरू भने प्रकाशमा आउन सकेका थिएनन् । यसो
हुंदा श्री ५ बडामहाराजको जीवनी लेख्नुहुने ऐ.शि.बाबुराम आचार्यज्यूले पनि यस दरबारबारे
प्रकाश पार्नु भएको छैन । तर अब भने नुवाकोट बेंसीमा रहेको यस दरबारबारे निश्चित
प्रमाणाहरू प्राप्त भएका छन् ।

श्री ५ पृथ्वीनारायण शाह अभियानको सिलसिलामा आफू अन्ततिर जाँदा नुवाकोट राजधानीमा युवराज श्री ५ प्रतापसिंह शाहलाई स्थानीय प्रशासनको अभिभारा सुम्पेर जाने गर्दथे । नुवाकोट माडीमा दरबार बनाउने काम थाल्दा पृथ्वीनारायण शाह नुवाकोटमा थिएनन्; यसताका उनी कीर्तिपुर विजय गर्ने योजना बनाई अघि बढ्दै थिए । यसो हुंदा नुवाकोट माडीमा दरबार बनाउने काम प्रतापसिंह शाहको देखरेखमा भएको थियो । यस कारण सेरा बेंसीमा दरबार बनाई राखिएको उक्त शिलालेखमा विशेष गरी प्रतापसिंह शाहको वर्णन परेको छ[२२] । यसभन्दा दुइ वर्ष पहिले माथि नुवाकोट डांडोमा इन्द्रजात्राको प्रसङ्गमा लिङ्गो गाड्नाको लागि गुठी राखी कुंदिन लाएको शिलालेखमा पनि प्रतापसिंह शाहको वर्णन परेको छ[२३] । दुइ वर्षपछिको सेराबेंसीको यस अभिलेखमा त प्रतापसिंह शाहको अझ बढी वर्णन परेको छ । अर्को कुरा यस अभिलेखमा पृथ्वीनारायण शाहको आदर्शभन्दा भर्खर चढ्दो उमेरका युवराज प्रतापसिंह शाहको आदर्शको चित्रण गरिएको छ । यस लेखाइ-बाट यस अभिलेखका रचयिता पण्डितजीले प्रतापसिंह शाहलाई प्रसन्न पार्ने प्रयास गरेको संकेत पाइन्छ ।


जे होस्; सेरा बेंसीमा पाइएको वि.सं.१८२२ को उक्त अभिलेखबाट त्यहां रहेको शीतकालिक दरबारको विषयमा प्रामाणिक रूपमा प्रकाश पर्छ । अब अरू विचार गर्नुभन्दा पहिले उक्त दरबारको भग्नावशेषको वर्तमान अवस्थाको वर्णन गर्नु आवश्यक देखिन्छ ।

पर्खाल - शिलालेखमा दरबारको चारैतिर पर्खालले घेरेको वर्णन परेको छ । अहिलेसम्म पनि पर्खालको अवशेष केही अंशमा कायम छ । उहिले पर्खालको अग्लाइ अहिलेभन्दा बढी हुंदो हो भन्ने अनुमान हुन्छ ।


ढोका - धामीज्यूसंग रहेको टिपोटमा नेवारी भाषामा यस दरबारलाई "सेरा व्यांसी लायकु" भनिएको छ[२४] । लायकु=राजकुल (राजदरबार) मा प्राय: अनेक द्वार (ढोका) रहन्थे । यस राजकुलमा पनि अनेक द्वार हुंदा हुन् । तर पुरानो द्वारको अवशेष अहिले एक ठांउमा मात्र भेट्टिएको छ । त्यो हो, तादीको किनारपट्टिको दक्षिण द्वार । यो ढोका काठमाडौंतिर आवत जावत गर्ने "मूल ढोका"को रूपमा रहेको बुझिन्छ । यहां ढुङ्गे सिंढी अहिले बांकी नै छ । ढोकानिर रहेको पाटी जस्तो स्थलको अवशेष केही बांकी नै छ । यहां उहिले पहरा रहन्थ्यो भन्ने अनुश्रुति चलेको छ । काठमाडौंबाट हनूमान्ढोका कहिलचोककी भगवती ल्याएर पहिले यहीं राखिन्थ्यो। तर सो पाटी भत्केको हुंदा हाल पश्चिमतिरको ढोका (जुद्धशमशेरको पालामा बनेको) निर भगवतीको खट राख्ने गरिएको छ । यसरी कन्हेलचोककी भगवतील्याएर राखिने ढोका हुंदा यो ढोका दक्षिणतिरको "मूलद्वार" थियो भन्ने देखिन्छ ।

इनार - उपर्युक्त ढोकाबाट भित्र पसेपछि अलिकता पूर्वपट्टि एक इनार रहेको छ । शिलालेखमा पनि इनार बनाएको वर्णन परेको छ । पुरानो सो इनारको हाल जीर्णोद्धार गरी "ट्यूवेल" हालिएको हुंदा माथिल्लो भागले पुरानो इनारको प्रतिनिधित्व गर्दैन । तर तल्लो भाग भने जस्ताको तस्तो अर्थात् पृथ्वीनारायण शाहको पालाकै छ । इनार निकै गहिरो छ । इनारमा प्रयोग गरिएका ईंटहरू तीनकुने आकारका, आधाभाग मात्र पोलिएका विशेष खालका छन् भन्ने स्थानीय विशेषज्ञहरूको भनाइ छ । पानी छान्ने क्रिया होस् भनी ईंट आधा मात्र पोलिएका हुन्; यस विधिबाट पानी स्वादिलो र सफा पार्नामा मदत मिल्छ भन्ने सुनिन्छ ।

इनारका आसपासमा केही पुराना ढुङ्गाहरू छरिएर रहेकाछन् । ती ढुङ्गाको बनोटबाट तिनमा केही चाहिं धाम अड्याउन राखिएका जस्ता देखिन्छन् । तर तिनमा एउटा ढुङ्गाचाहिं विचारणीय छ । सो ढुंङ्गा चर्पीको लागि प्वाल पारी बनाइएको



नुवाकोट-माडी दरबारको जग खन्दा
निस्केका ढुङ्गाहरू



नुवाकोट-माडी दरबारको भग्नावशेषबाट
प्राप्त तेलिया इँट, देवमूर्तिहरूको नमूना



नुवाकोट माडी दरबारबारे प्रकाश पार्ने
शिलालेख रहेको स्थल



दरबारभित्रको पुरानो इनार
(नयां परिष्कृत रुपमा)



श्री ३ जुद्धको समयमा निर्मित सेरा दरबार
(परिष्कृत रुपमा)

हो । त्यसबाट आधुनिक ढङ्गको चर्पीमा प्रयोग गरिने जस्तो सामानको प्रयोग त्यस वेला पनि केही हुंदो रहेछ भन्ने संकेत पाइन्छ ।

जग - सेरा बगैंचालाई आधुनिक कृषिफर्मको रूप दिइन लागेको हुनाले हाल त्यहां बुल्डोजरद्वारा भुइं सम्याउने काम भएको छ । त्यस प्रसङ्गमा पुरानो जग खनी ढुङ्गा झिक्ने काम पनि भएको छ । त्यसबाट दरबारको एक अंशको जगको आकार प्रकारबारे केही थाहा पाइन्छ । खनिएको सो जगको लमाइ २५ मीटर जति चौडाइ २० मीटर जतिको छ । गाह्रो चाहिं डेढ मीटर जतिको छ । जग सम्पूर्ण ढुङ्गाको राखिएको देखिएको छ ।

देवस्थल - सो जगको केही पर दक्षिणतिर एक ठूलो रूख छ । त्यसको फेदलाई हाल देवस्थलको रूप दिइएको छ । त्यहां रूखको फेदका कापहरूमा सरस्वती, गणेश, भैरवहरूका साना ढुङ्गे मूर्तिहरू राखिएका छन् । मूर्ति साना भए पनि कलापूर्ण नै छन् । ती मूर्तिहरू वि.सं.१८२२ तिरै बनेका देखिन्छन् । पहिले राजभवनभित्र कहीं स्थापना गरिएका ती देवमूर्तिहरू सो भवन भत्किएपछि यहां रूखको फेदमा ल्याई राखिएको देखिन्छ । यहां रूखको फेदमा माटाका देवमूर्ति (शिरोभाग मात्र) पनि केही राखिएका छन् । जुन मूर्तिहरू पहिले राजभवनका कुना कुनामा रहेको अनुमान हुन्छ । साथै दरबारका पुराना तेलिया ईटहरूको नमूना पनि यहां भेट्टाइन्छ । ती तेलिया ईंटहरूमध्ये केही बुट्टेदार र सुन्दर पनि छन् । सो रूखको फेदमा सानो शिवलिङ्ग पनि रहेको छ ।

बन्दिखाना - उक्त देवस्थलको केही पर पूर्व-दक्षिणतिर पुरानो बन्दिखानाको अवशेष पाइएको छ । सो बन्दिखानाबारे अनुश्रुति अहिलेसम्म चलेर आएको पाइन्छ । उक्त बन्दिखाना अलि बेग्लै खालको थियो भन्ने बुझिन्छ । भुइंमा निकै तलसम्म खनेर चारपाटे कोठा जस्तो बन्दिखाना बनाइएको थियो । यसको माथिल्लो भाग खुल्ला नै छाडिएको थियो रे । कैदीलाई पटुकाले कम्मरमा बांधी तल पु-याइन्थ्यो; त्यसै गरी तानेर माथि ल्याइन्थ्यो भन्ने सुनिन्छ । बर्खामा पानी र हिउंदमा शीतबाट बचाउको लागि छतको रूपमा पाल हालिन्थ्यो भन्ने पनि सुनिन्छ । छेकथुनको आवश्यकता हुने हुनाले दरबारमा बन्दिखाना त अन्त पनि रहन्थ्यो । तर यहांको बन्दिखाना अलि बेग्लै खालको थियो भन्ने देखिन्छ । यस सेरा बेंसी दरबार इलाकाभित्र भन्सार अड्डा रहेको हुंदा पनि छेक थुन गर्नुपर्ने बढी आवश्यकता भएको हुन सक्छ ।

कमलपोखरी - रङ्गबैठक भएको भागको पश्चिमपट्टि एक कमलपोखरी थियो भनिन्छ । पोखरी सुक्दा देखिने अवशेष भाग चाहिं अहिले पनि देखिन्छ । केही काल अगाडिसम्म पनि त्यहां कमलहरू थिए भन्ने स्थानीय बूढापाकाको भनाइ छ । नगरको शोभाको लागि त्यस ताका कमलपोखरीहरू अनिवार्य जस्तै संझिइन्थ्यो । साथै दरबार इलाकाभित्र पनि कमलपोखरीको चलन उहिले थियो । त्यसै हुंदा यहां कमलपोखरी बनाइएको देखिन्छ । सो कमलपोखरी ज्यादा ठूलो भने देखिदैन, साधारणखालको मात्र थियो भन्ने देखिन्छ । यसै हुंदा शिलालेखमा कमलपोखरीको वर्णन नपरेको बुझिन्छ ।

रङ्गबैठक - कमलपोखरीको अलिकता पूर्वपट्टि "रङ्गबैठक"को भग्नाबशेष रहेको छ । यसलाई "कचहरी-घर" पनि भनिंदो रहेछ । १२० मीटर जतिको घेराभित्र भग्नावशेष हाल बांकी छ । यहां तेलिया ईंट आदिको ढिस्को नै रहेको छ । यहां उत्खनन गरी हेर्न सकेमा रङ्गबैठकको ढांचा कांचाबारे निकै प्रकाश पर्ने सम्भावना छ । सेरा बेसी दरबारको प्रमुख अङ्ग "रङ्गमहल" थियो । दरबार बनाई राखेको शिलालेखमा "संव्यधाद् रङ्गसौधम्" भनी उक्त कुरा खुलाएर लेखिएको पनि छ । त्यस रङ्गमहल अन्तर्गत रहेको कचहरी गर्ने एक विशेष भाग रङ्गबैठक अथवा कचहरीघर भनी नामकरण हुन पुगेको रहेछ । यसो हुंदा भग्नावशेषको रूपमा परिणत भइसकेको छ तापनि रङ्गवैठक (कचहरीघर) यो हो भनी

अहिलेसम्म अनुश्रुति चलेर आएको पाइन्छ । नुवाकोट माडी दरबारको अहिले कायम रहेको भग्नावशेषमा सबभन्दा बढी उल्लेखनीय रूपमा यो नै रहेको छ । यहां दबिएका पदार्थ त्यति हिनामिना हुन नपाएको अनुमान हुन्छ । यसकारण यहां राम्ररी उत्खनन गर्नुपर्ने देखिन्छ ।

अरू भग्नावशेष – रङ्गबैठकको उत्तरपूर्व र पूर्वतिर निकै परसम्म अरू घरहरूका भग्नावशेष पनि केही अंशमा अहिले फेला पर्छन् । त्यसताका गडखारसम्म व्यापारको केन्द्र इलाका फैलिएको हुंदा यस्ता भवनहरू निकै परसम्म पनि रहेको हुन सक्छ । यहां राजाको दरबार रहेपछि सम्बद्ध भाइ भारादारहरू पनि यहीं आई रहनु स्वाभाविक थियो । दहचोकमा दरबार बनाउने प्रसङ्गमा श्री ५ पृथ्वीनारायण शाहले व्यक्त गरेको उद्गारबाट राजदरबारनिर भाइ भारादारहरूका घरहरू पनि रहन्थे भन्ने थाहा पाइन्छ । यसो हुंदा यहां सेरा बेंसीमा पनि भाइ भारादारहरूको लागि घरहरू बनेथे । मूल दरबार भत्किएपछि ती घरहरू पनि पाताल बने; क्रमश केही अवशेष मात्र बांकी रहे । स्थानीय बासिन्दाहरू यस मेकमा भाइ भारादारहरूको लागि घरहरू बनेका थिए भन्ने कुरा अहिलेसम्म औंल्याएर देखाउंदै छन् ।

उपर्युक्त भग्नावशेषहरू र त्यहां रहेको शिलालेखको वर्णनको तुलना गरी हे-यौं भने श्री ५ पृथ्वीनारायण शाहले श्री ५ प्रतापसिंह शाहको देखरेखमा बनाउन लाएको नुवाकोट-माडी दरबारको केही झलक हामी स्पष्टसंग पाउंछौं । उक्त शिलालेखमा प्राकार (पर्खाल) लाएको वर्णन छ; जुन केही अंशमा अहिले पनि छ । शिलालेखमा "सद्गवाक्षादि-चित्रम्" भनी दरबारमा राम्रा राम्रा आंखिझ्याल, झ्यालहरू रहेको वर्णन गरिएको छ; उत्खनन गरिएमा यस्ता झ्यालको नमूना भेट्टिनु सम्भव छ । माथि नुवाकोट डांडोको साततले दरबारको वर्णन गर्दा "दुर्गरत्न" (असल किल्ला) को रूपमा जोड दिइएको छ । यस दरबारको वर्णन गर्दा भने आरामदायक पक्षलाई जोड दिइएको छ । शिलालेखमा प्रणाली (ढुङ्गे धारा) बनाएको वर्णन परेको छ । जो धाराचाहिं पुरानै रूपमा बचेको देखिंदैन । शायद सेरा बगैंचाबाट नुवाकोट डांडोमाथि चढ्ने बाटोनिर रहेको ढुङ्गेधाराले पुरानो धाराको अस्तित्वलाई केही जोगाइ रहेको छ । शिलालेखमा सुगन्धी पिउन लायक पानी भएको इनारको वर्णन छ । जुन अहिलेसम्म छंदैछ । शिलालेखमा अनेक थरी फूलहरू भएको बगैंचा "कुसुमवाटी" को वर्णन छ । जुन "सेरा बगैंचा" नामले अहिलेसम्म प्रसिद्ध छ । आंपको बगैंचा लाएको वर्णन पनि शिलालेखमा छ; केही काल अगाडिसम्म यहां आंपको राम्रो बगैंचा थियो । हाल सो मासिएको छ । शिलालेखमा फागुको उत्सव धूमधामसंग मनाएको वर्णन छ; फागु पूर्णिमाको दिन सो उत्सव केही अंशमा अहिले पनि मनाइन्छ । नुवाकोटका बासिन्दाहरू बाजाका साथ अहिले पनि सेरा बगैंचामा फागु मनाउन पुग्छन् । केही काल अगाडिसम्म हाम्रो यहां फागुको उत्सव धूमधामसंग मनाइन्थ्यो; त्यस बेला विशेष नाचगान पनि हुन्थ्यो । विदेशबाट समेत गवैया नर्तकीहरू बोलाइन्थे । सेरा बेंसीको दरबार बनाइसकेपछि यहां पनि फागुको उत्सव विशेष रूपमा मनाउन थालेको देखिन्छ । त्यस अवसरमा नुवाकोट नगर-वासीहरूको साथ स्वयं प्रतापसिंह शाहले पनि गाना गाएको वर्णन उक्त शिलालेखमा परेको छ ।

प्रतापसिंह शाहले वि.सं. १८३३ मा नुवाकोटका धामी नानदेवलाई लेखेको पत्रबाट पनि यस दरबारबारे अलिकता कुरा थाहा पाइन्छ । सो पत्रमा "...गाउ व्यासिको दर्वार जाहा छावनुपर्न्या छ, चाडो गरिछाव बांकि गाव दर्वारका वरिपरि पनि फराक गरि प्रगेलाउ, नजिक गरि प्रगेलनु छैन, प्रगेल्या ठाउंमा कसिंगर पात राषानु छैन" भन्ने उल्लेख परेको छ[२५]। दरबारमा खरको छाना रहेको हुंदा बराबर छानाको मरम्मत गरिरहनु पर्दथ्यो ।

अब यस नुवाकोट माडी दरबारको ऐतिहासिक महत्त्व र यसको अस्तित्व पछि कहिले-सम्म रह्यो भन्ने कुराको चर्चा गर्नुपरेको छ ।

नुवाकोटप्रति श्री ५ पृथ्वीनारायण शाहको विशेष लगाव थियो भन्ने संकेत पहिले गरिसकेको छ । यसो हुंदा आफ्नो देहत्याग यसै क्षेत्रमा गर्ने विचार उनको मनमा उठेको बुझिन्छ । हुनत पूर्वतिर सुखीम (सिक्किम) संग सीमाना जोडिएपछि त्यस भन्दा अघि नबढ्ने निश्चय पृथ्वीनारायण शाहले गरेका थिए । पहिले सेन राजाहरूको राज्यक्षेत्र जति थियो; त्यति मात्र कब्जा गर्ने उनको नीति थियो[२६] । यसो हुंदा उनी पूर्वतिरको काज थामी अब पश्चिमतिर बढ्ने विचारले नुवाकोटतिर लागेथे[२७] । तर मन दौडे पनि शरीरले साथ दिन छोडेको संकेत उनले पाइसकेका थिए । यसो हुंदा नुवाकोट दरबारमा गई आराम गर्ने विचार उनले गरे । त्यस वेला हिउंदको ताका थियो: यसो हुंदा नुवाकोट-डांडाको साततले दरबार भन्दा नुवाकोट-माडी दरबार आरामदायक थियो । अत: पूर्वपरम्परा अनुसार श्री ५ पृथ्वीनारायण शाहले अन्तिम समय तादीको किनारमा रहेको रमणीय दरबारमा बिताएको कुरामा शङ्का छैन । यसरी श्रीकाशीनाथ टमोटले अनुमान गर्नु भए जस्तै श्री ५ पृथ्वीनारायण शाहले "दिव्योपदेश" दिएको ऐतिहासिक स्थल यही सेरा बेंसीको दरबार हो भन्ने देखिएको छ[२८] । अन्त्यावस्थामा उपदेश दिई जाने कुनै विशेष चलन त्यस वेला थिएन । तर आफूले कष्टसाथ उठाएको एकीकरण अभियान त्यसै सेलाएर नजाओस् भन्ने ठूलो पीर श्री ५ पृथ्वीनारायण शाहको मनमा परिरहेको थियो । साथै एकीकरण अभियानलाई सुदृढ पार्न आर्थिक सामाजिक आदि स्थितिरीति बसाल्नु पर्ने आवश्यकता पनि उनले अनुभव गरेका थिए । आफ्नो अन्त्यावस्थाले गर्दा सो आवश्यकताको पूर्ति आफूबाट सम्भव नहुंदा भावी पुस्ताले सो पूरा गरोस् भन्ने उत्कट अभिलाषा उनको मनमा थियो । यसो हुंदा रोगले शरीरलाई गाल्दै ल्याए पनि भाइ भारादारहरू भेला गरी उक्त उपदेश श्री ५ पृथ्वीनारायण शाहले दिएथे; जुन उपदेश नेपाली मात्रको लागि प्रेरणाप्रद, पथप्रदर्शक रूपमा रहन पुगेको छ । यसै हुंदा जसलाई "दिव्य उपदेश"को संज्ञा पनि दिइन थालियो । यसरी "दिव्य उपदेश" दिइएको ऐतिहासिक स्थल यही नुवाकोट माडी दरबार देखिएको हुनाले यस दरबारको ऐतिहासिक महत्त्व अझ बढी रहेको स्पष्ट छ ।

श्री ५ पृथ्वीनारायण शाहपछि नेपालको एकीकरण अभियानलाई अघि बढाउने अर्का राजनीतिज्ञ राजकुमार बहादुर शाहको कर्मक्षेत्र पनि केही अंशमा नुवाकोट रहेको थियो । "आफू जन्मेको स्थल हुंदा राजप्रतिनिधि बहादुर शाहलाई नुवाकोट विशेष मन पर्ने रहेको छ[२९] भनी कर्कप्याट्रिकले टिप्पणी गरे जस्तै बहादुर शाहको केही झुकाव नुवाकोटप्रति रहेको थियो । उनी बराबर नुवाकोटमा गई रहन्थे । नुवाकोटमा रहंदा उनी नुवाकोट माडी दरबारमा पनि रहन्थे । नेपाल चीन युद्ध भई चिनिया फौज धैवुङसम्म आइपुग्दा सो आक्रमण रोक्न आवश्यक प्रबन्ध गर्न बहादुर शाह नुवाकोट गएथे । त्यसवेला उनी यही नुवाकोट-माडी दरबारमा बसेको तात्कालिक टिपोटबाट देखिएको छ[३०] ।

यस प्रसङ्गमा एउटा कुरा विचारणीय छ । कर्कप्याट्रिक नेपाल आउंदा उनलाई बहादुर शाहले नुवाकोटमै भेटेथे । तर कर्कप्याट्रिकले यस नुवाकोट-माडी दरबारको चर्चासम्म पनि गरेका छैनन् । यसको उल्टो नुवाकोट व्यांसीमा राजप्रतिनिधि (बहादुर शाह) को निम्ति तथा अरू भारादारहरूको निम्ति कुनै विशेष भवनहरू छैनन्; राजप्रतिनिधि र भारदारहरूको निम्ति पालहरू टांगिएका हुन्छन् भन्ने कुरा कर्कप्याट्रिकले लेखेका छन्[३१] । यसबाट झट्ट हेर्दा यसवेला नुवाकोटमाडीको दरबारको अस्तित्व लोप भइसक्यो कि भन्ने शङ्का उत्पन्न हुन्छ । तर श्री ५ राजेन्द्रविक्रमको पालासम्म पनि राजा र राजपरिवारको मुकाम यस सेरा बेंसी दरबारमा भएको अनेक उल्लेख तात्कालिक टिपोटमा पाइएका हुनाले कर्कप्याट्रिक आएको ताका उक्त दरबार मौजूद थियो भन्ने कुरा निश्चित छ । तर

कर्कप्याट्रिकलाई उपर्युक्त भ्रम कसरी प-यो; यो भने विचारणीय छ । वास्तवमा बहादुर शाहले कर्कप्याट्रिकलाई भेटेको नुवाकोट बेंसी तादीको किनारमा होइन; त्रिशूलीको किनारमा हो भन्ने देखिन्छ । पश्चिम गोरखातिर जाने मूल बाटोमा हुंदा त्रिशूली सांधुनिरको ठाउं (जसलाई "ढुङ्गे" भन्ने चलन छ) मा पनि बराबर राजकीय मुकाम रहन्थ्यो । राजेन्द्रविक्रम शाह, साम्राज्यलक्ष्मीदेवीहरू अनेक पटक त्यहां गई पाल टांगी बसेको तात्कालिक टिपोटहरू पाइएका छन्[32] । यसै गरी बहादुर शाहले कर्कप्याट्रिकलाई भेटेको ठाउं पनि यही (त्रिशूलीको किनार) हो भन्ने देखिएको छ । तादीको किनारमा स्थित सेरा बेंसी दरबारमा भेटेका भए कर्कप्याट्रिकले उक्त दरबारको वर्णन अवश्य गर्ने थिए ।

नुवाकोट-माडीको यस दरबारको अस्तित्व श्री ५ राजेन्द्रविक्रम शाहको समयसम्म कायम थियो । वि.सं.१८९७-९८ तिर राजेन्द्रविक्रम शाह र साम्राज्यलक्ष्मीदेवीहरू अनेक पटक नुवाकोट पुगेथे । नुवाकोटका भैरव भैरवीउपर साम्राज्यलक्ष्मीदेवीको विशेष श्रद्धा भएको बुझिन्छ । यसो हुनाले देवीघाटको जात्रा आदि प्रसङ्गमा र अरू प्रसङ्गमा पनि राजा र राजपरिवारद्वारा नुवाकोट यात्रा गरिएका थिए । त्यसवेला यस नुवाकोट-माडी दरबारमा पनि मुकाम रहेको वर्णन पाइएको छ । तात्कालिक नुवाकोटका धामीले नेवारी भाषामा टिपिराखिएको टिपोटमा यस दरबारलाई "सेरा व्यांसीलायकु (राजकुल)" भनिएको छ । बेंसीको दरबारबाट माथिको साततले दरबारमा सवारी हुंदा पनि साइत हेर्नु पर्दो रहेछ । एक पटक सेरा बेंसी दरबारबाट माथि सवारी हुंदा दरबार-प्रवेशको साइत नहुंदा दरबारको पर्खाल फोरेर त्यताबाट प्रवेश गरी बगैंचामा पाल टांगी राज भएको टिपोट गरिएको छ[33] । यसबाट "सेरा बेंसी दरबार" वा "नुवाकोट-माडी दरबार" त्यस वेलासम्म कायम थियो भन्ने कुरामा शङ्का छैन ।

वि.सं.१९०३ मा यो दरबार दैववश भत्कियो भन्ने टिपोट श्री चन्द्रलाल श्रेष्ठज्यूसंग रहेको छ । यो बाहेक अरू विवरणसहितको आधिकारिक पत्र आदि भने यस विषयमा पाइएको छैन । तर संग्रहशील चन्द्रलाल श्रेष्ठज्यूको टिपोट सत्य हुनु सम्भव छ । यसपछि यस दरबारको जीर्णोद्धार हुन सकेन र यो भग्नावशेष रूपमा परिणत भयो भन्ने सुनिन्छ ।

श्री ३ जुद्ध नुवाकोट जांदा सेरा बगैंचामा पनि पुगे; अनि श्री ५ पृथ्वीनारायण शाहको शीतकालिक दरबारको भग्नावशेष यो हो भनी उनमा जाहेर गरियो; त्यसो भए यहां पहिले जस्तै दरबार बनाइदिनू भनी उनले आदेश दिए; तर पुरानो दरबारको नक्शा आदि नपाइएको हुनाले पुरानै रूपमा दरबार बनाउनु सम्भव भएन र त्यही भग्नावशेषका ईंट आदिको उपयोग गरी वर्तमान दरबार बनाइएको हो "भन्ने श्री घनशमशेरज्यूको भनाइ छ । जुद्धशमशेरले बनाउन लाएको सो आधुनिक ढङ्गको दरबार "सेरा दरबार" को नाउंमा अहिलेसम्म छंदैछ । घनशमशेरज्यूको उक्त भनाइ सत्य हुनु धेरै सम्भव छ । किनभने माथि नुवाकोट डांडाको साततले दरबार पनि जुद्धशमशेरले पुरानै रूपमा जीर्णोद्धार गर्न लाएथे । जीर्णोद्धार गर्ने कुरा उठ्दा साततलेलाई घटाएर सानो रूपमा बनाए किफायत हुने कुरा जुद्धशमशेरमा जाहेर गर्दा उनले जति खर्च परे पनि पुरानै रूपमा साततले नै बनाउने आदेश दिएथे । यो कुरा देख्ने सुन्ने व्यक्ति नुवाकोटमा छंदैछन् । पुराना कृति नमास्ने जुद्ध-शमशेरको नीतिको अरू उदाहरण पनि पाइने हुनाले उक्त कुरामा शङ्का गर्नुपर्ने देखिंदैन ।

उत्खनन आदि वैज्ञानिक तरीकाले खोजी गर्न सके ऐतिहासिक दृष्टिले महत्त्वपूर्ण यस दरबारबारे बढी जानकारी प्राप्त हुने सम्भावना छ । यस कारण श्री ५ बडा महाराज पृथ्वीनारायण शाहको एक महत्वपूर्ण स्मारक रूपमा रहेको यस दरबार-इलाकामा उत्खनन गर्ने कुरामा सम्बद्ध विभागको ध्यान जानु आवश्यक छ भन्ने हामीलाई लाग्छ ।

## टिप्पणी

१. धनवज्र वज्राचार्य "लिच्छविकालका अभिलेख" त्रि.वि.नेपाल र एशियाली अध्ययन संस्थान, वि.सं.२०३१, पृष्ठ २७६, ३०१-३०८ ।

२. उही, पृष्ठ ६१, २६०, ४६४ ।

३. उही, पृष्ठ २६३-६४ ।

४. "पूर्णिमा" ७ पूर्णाङ्क, संशोधन-मण्डल, काठमाडौं, वि.सं.२०२२, पृष्ठ २४ ।

५. उही, पृष्ठ १४ ।

६. धनवज्र वज्राचार्य, नौकोट-दरबार, "पूर्णिमा" ३ पूर्णाङ्क, संशोधनमण्डल, वि.सं.२०२१, पृष्ठ ४६-५१ ।

७. धनवज्र वज्राचार्य, कर्नाली प्रदेशको ऐतिहासिक रूपरेखा, "कर्णाली प्रदेश" सामाजिक अध्ययन समुदाय, जुमला, वि.सं.२०२८, पृ.१६-२०, ४६-५० ।

८. बाबुराम आचार्य, "श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाह संक्षिप्त जीवनी" भाग १, श्री ५ महाराजाधिराजका प्रेस सचिवालय राजदरबार, वि.सं. २०२४, पृष्ठ १०६ ।

९. तुलसीराम वैद्य + धनवज्र वज्राचार्य, "गोरखाको ऐतिहासिक सामग्री" त्रि.वि.नेपाल अध्ययन संस्थान, काठमाडौं, वि.सं.२०२६, पृष्ठ १४-१८ ।

१०. गोपालराजवंशावली, २७ पत्र ।

११. गोपालराजवंशावलीमा उल्लिखित घटनाहरूबाट उक्त कुरा थाहा पाइन्छ ।

१२. तलेजु मन्दिर भएको ठाउँलाई अहिलेसम्म "मूलकोट" भनिन्छ । तात्कालिक पत्रहरूमा मूलकोट उल्लेख आएको छ । ती पत्र "नुवाकोटको ऐतिहासिक रूपरेखा" नामक ग्रन्थमा समावेश गरिएका छन् ।

१३. नुवाकोटका अभिलेखहरूमा समय समयमा नियुक्त भएका "प्रमान" हरूको उल्लेख आएको छ । "नुवाकोटको ऐतिहासिक रूपरेखा" मा ती अभिलेख समावेश गरिएका छन् ।

१४. श्री ५ पृथ्वीनारायण शाहले नैजराम मैधासीलाई लेखेको एक पत्रमा "अघि नुवाकोटका देवीजात्रा र दसैंमा नेपाली राजाका भाइछोराले पुजा सँकल्प गर्नुपर्दो रहेछ" भनी लेखिएको हुनाले उक्त कुराको संकेत पाइन्छ ।

शङ्करमान राजवंशी, "प्राचीन नेपाल" अङ्क ३, श्री ५ को सरकार पुरातत्व विभाग, काठमाडौं, वि.सं.२०२५, पृष्ठ २७ ।

१५. नयराज पन्त र अरू "श्री ५ पृथ्वीनारायण शाहको उपदेश" जगदम्बा प्रकाशन, ललितपुर, वि.सं.२०२५, पृष्ठ ४४४ ।

१६. उही, पृष्ठ ६३८-४४, ६७० ।

१७. उही, पृष्ठ ६३५, ६६६ ।

१८. उही, पृष्ठ ६६६ ।

१९. चन्द्रशमशेरको पालासम्म पनि यहाँ भन्सार अड्डा रहेको कुरा तात्कालिक पत्रबाट थाहा पाइन्छ । "नुवाकोटको ऐतिहासिक रूपरेखा" मा ती पत्र समावेश गरिएका छन् ।

१५४ आइ.एन.ए.एस जर्नल

२०. "श्री ५ पृथ्वीनारायण शाहको उपदेश" ३६१ पृष्ठ ।

२१. "योगी नरहरिनाथद्वारा सम्पादित दिव्य उपदेश" आठौं संस्करणको भूमिका काठमाडौं, वि.सं.२०३०, पृष्ठ ६ ।

२२. पाठकहरूलाई विचार गर्न सजिलो होस् भनी उक्त अभिलेख यहां दिइन्छ --

सेरा दरबारको अभिलेख

१. श्रीगणेशाय नमः ।। श्री शाके सप्तनागदितिप १६८७ परिमिते मासि चैत्रे - पक्षौकादश्यां मैत्र कृतो भृगु---

२. तनयदिने सद्गवाक्षादिचित्रम् ।। प्राकाराद्प्रणालीयुतमतिसुरतोद्दीपकं कामुकानां श्रीमान् गोरक्षाभूपा --

३. ------ संव्यधाद् रङ्गसौधम् ।। १ ।। गोरक्षाभूपालकुलाब्धिजातो नेपालभूमीशतमिस्रहन्ता ।। पूर्णः --

४. ------ भिधानः प्रतापसिंहो जयति---।।२।। विविधकुसुम भूषा भूमि ------ तणमनुज -

५. चेतोहारिणी रम्य -- ।। विपुलघन --- सत्फलैः पूर्णितासौ जयति कु- सुमवाटी ---- पटीय ।।

६. ३।। --- --- --- पात्रदानप्रदाता ।। नृपतिरतिविवेकी यः --- -----

७. --- सुगन्धि --- जननिपेयो निर्मितो भाति कूपः ।। ४ ।। विशालपुष्पवाटिकां रसालमंजरीयुताम् ।

८. नदीयसन्निधौ मुदा स्वकीयभावभाविताम् ।। स्वतन्त्रफाल्गुनोत्सवे विचित्ररागगायकैरनेकनागरैर्ज

९. गौ प्रतापसिंह भूपतिः ।। ५ ।। शुभम्भूयात् ।। ।।श्रीराम राम राम ...

२३. अप्रकाशित सो शिलालेख "नुवाकोटको ऐतिहासिक रूपरेखा" मा परेको छ ।

२४. यो टिपोट "नुवाकोटको ऐतिहासिक रूपरेखा" मा समावेश गरिएको छ ।

२५. शङ्करमान राजवंशी, "प्राचीन नेपाल" अङ्क १०, श्री ५ को सरकार, पुरातत्व, विभाग वि.सं.२०२६, पृष्ठ ३६ ।

२६. नयराज पन्त र अरू "श्री ५ पृथ्वीनारायण शाहको उपदेश; पृष्ठ ११६४ ।

२७. उही पृष्ठ १२०३ ।

२८. काशीनाथ टमोट, नुवाकोट गाउं व्यांसीको दरबार - केही ऐतिहासिक प्रसङ्ग, गोरखापत्र (वि.सं.२०३१ चैत्र २३ गते शनिवार), काठमाडौं, पृष्ठ ५ ।

२९. कर्कप्याट्रिक, "आन् ऐकाउन्ट अफ् द किङ्गडम् अफ् नेपाल", मञ्जुश्री पब्लिशिङ्ग हाउस, न्यूदिल्ली, ई.१९६९, पृष्ठ ११६ .

३०. "नुवाकोटको ऐतिहासिक रूपरेखा" मा यो टिपोट समावेश गरिएको छ ।

३१. कर्कप्याट्रिक, उही, पृष्ठ ११७-१८ ।

३२-३३ "नुवाकोटको ऐतिहासिक रूपरेखा" मा यी टिपोट समावेश गरिएका छन् ।